# नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.

## NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.


केन्द्रीय कार्यालय, धादिङ्बेसी, धादिङ्

फोन : ०१०-५२०८७६, फ्याक्स : ०१०-५२०५०४


## UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

As at 2nd Quarter (Paush End 2077) of the Fiscal Year 2077/78

Rs. In '000'

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **6,911,188** | **6,253,459** | **4,908,342** |
| 1.1 | Paid up Capital | 264,045 | 264,045 | 264,045 |
| 1.2 | Reserve and Surplus | 345,329 | 253,592 | 225,155 |
| 1.3 | Debenture and Bond | - | - | |
| 1.4 | Borrowings | 4,082,292 | 3,710,701 | 2,692,492 |
| 1.5 | Deposits (a+b) | **1,843,710** | **1,717,996** | **1,487,618** |
| | a. Member | 1,843,710 | 1,717,996 | 1,487,618 |
| | b. Public | | | - |
| 1.6 | Income Tax Liability | 57,499 | 51,128 | 40,647 |
| 1.7 | Other Liabilities | 318,313 | 255,997 | 198,385 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **6,911,188** | **6,253,459** | **4,908,342** |
| 2.1 | Cash and Bank Balance | 196,193 | 870,514 | 29,845 |
| 2.2 | Money at Call and Short Notice | 213,152 | 144,550 | 875,872 |
| 2.3 | Investments | 2,000 | 2,000 | 2,000 |
| 2.4 | Loans and Advances | 6,382,076 | 5,154,615 | 3,933,268 |
| 2.5 | Fixed Assets | 19,951 | 21,101 | 20,695 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 97,816 | 60,679 | 46,662 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest Income | 405,492 | 159,290 | 357,706 |
| 3.2 | Interest Expense | 147,630 | 72,581 | 170,493 |
| **A.** | **Net Interest Income (3.1 - 3.2)** | **257,862** | **86,709** | **187,212** |
| 3.3 | Fees, Commission and Discount | | - | |
| 3.4 | Other Operating Income | 72,089 | 29,500 | 56,300 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B.** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **329,951** | **116,209** | **243,512** |
| 3.6 | Staff Expenses | 64,435 | 35,412 | 57,024 |
| 3.7 | Other Operating Expenses | 26,877 | 13,451 | 20,786 |
| **C.** | **Operating Profit Before Provision (B -3.6 - 3.7)** | **238,638** | **67,346** | **165,702** |
| 3.8 | Provision for Possible Losses | 25,679 | 2,489 | 18,804 |
| **D.** | **Operating Profit (C -3.8)** | **212,959** | **64,857** | **146,898** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| **E.** | **Profit from Regular Activities (D+3.9+3.10)** | **212,959** | **64,857** | **146,898** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | | |
| **F.** | **Profit before Bonus and Taxes (E +3.11)** | **212,959** | **64,857** | **146,898** |
| 3.12 | Provision for Staff Bonus | 21,296 | 6,486 | 14,690 |
| 3.13 | Provision for Tax | 57,499 | 17,511 | 39,662 |
| **G** | **Net Profit/Loss (F - 3.12 - 3.13)** | **134,164** | **40,860** | **92,546** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.25% | 10.56% | 12.37% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 2.23% | 2.28% | 1.76% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 135.35% | 142.10% | 123.70% |
| 4.4 | Cost of Funds | 6.44% | 7.30% | 9.82% |
| 4.5 | Credit to Deposit Ratio(Calculated as per NRB Directives) | 356.92% | 310.09% | 270.28% |

**Note:** - Figures are subject to change from supervisory authority and external auditor.

**Interest Rate :**

**1. Deposit : 4%-8.5%** | **2. Loan & Advance : 12%-15%**

**धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अनुसुची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

## आ.व. २०७७/०७८ को दोस्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रतिशेयर आम्दानी (वार्षिकीकरण) | मूल्य आम्दानी अनुपात | प्रतिशेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु. १०१।९० | २३।६७ | रु. २३०।७८ | रु. २,६१७।४३ | ६।९१ |

२. **व्यवस्थापकिय विश्लेषण :**

(क) **यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** यस अवधिमा यस वित्तीय संस्थाको मौज्दात, आम्दानी र तरलतामा व्यवस्थापनले अनुमान गरे अनुरूप नै सन्तोषजनक रुपमा बृद्धि रहेको छ ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले स्थापनाको सुरु देखिनै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिबी घटाउने, वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले नेपाल भरी नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडी बढिरहेको छ । हाल देशभर संस्थाले ६५ वटा शाखा कार्यालय मार्फत १,०१,२३० (एक लाख एक हजार दुई सय तीस) जना विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ । यस संस्थाले नविनतम प्रविधिहरुको प्रयोग गरी छिटो छरितो र विश्वसनीय एवं दिगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ । संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागी विशेष गरी महिलाहरुलाई केन्द्रित गरी उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ । समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ । आगामी आर्थिक बर्षमा वित्तीय पहुँच नपुगेका ग्रामीण क्षेत्रमा शाखा विस्तार गरी अझ प्रभावकारी रुपमा सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदिको भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
बैंकिङ्ग क्षेत्रमा तरलताको अवस्था लगायत बैंक तथा वित्तीय संस्थाहरुवाट प्राप्त विपन्न वर्ग अन्तर्गतको थोक कर्जामा लिने ब्याजदरको उतार चढाव, लघुवित्त संस्थाहरु बिचको अस्वस्थ प्रतिस्पर्धा, हालको राजनैतिक अवस्था लगायत बिश्वब्यापी रुपमा फैलिएको कोरोना महामारी आदि कारणले संस्थाको कारोवारमा असर पर्न सक्छ तथापि संस्थाले तय गरेको कुशल कार्य नीतिका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत पनिप्राप्त भएको छैन ।

(ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालन विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारका लागि संस्थाले नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा शेयर सूचिकृत भई सन्तोषजनक कारोवार भईरहेको छ ।

(ख) नेपाल स्टक एकस्चेन्जको वेवसाइट अनुसार यस त्रैमासिक अवधिको शेयरको कारोवार निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| रु. २,५५०/- | रु.१,४९९/- | रु. २,४१२/- | ५८ दिन | ४,०५३ कित्ता |

५. **समस्या र चुनौतीहरु :**
लघुवित्त क्षेत्रमा संस्थाहरु बीच एक आपसमा अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपना हुन सक्ने सम्भावनाका साथ काम गर्नु पर्ने अवस्था रहेको छ । त्यस्तै अप्रत्यासीत रुपमा श्रृजना हुन सक्ने प्रतिकुल अवस्था, कर्जा कोषकोलागी परनिर्भरता, कर्जा कोषमा ब्याज दरको बृद्धि, कोरोना भाइरस (COVID-19) महामारीको कारणले ग्राहकहरुको व्यवसाय र आम्दानीमा परेको प्रभावको अवस्था आदी कारणले सञ्चालन लागत बृद्धि भै मुनाफामा पर्न सक्ने असर विद्यमान रहेको छ ।

६. **संस्थागत सुशासन :**
संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा आयकर ऐन २०५८ पालना गरेको छ । संस्थाको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा नीति लगायत आवश्यक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याईएको छ । संस्थाले आफ्नो कारोवारको चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति, व्यवस्थापन समुह तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति लगायतका समितिहरु मार्फत कार्य भईरहेको छ ।

७. **सत्यतथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण तथा सूचना लुकाईएको छैन ।